फोन : ९७७ - १ - ४२११२१९
९७७ - १ - ४२११२८१
फ्याक्स: ९७७ - १ -४२११२००
Website: www.drrportal.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा)

O/C

पत्र संख्याः- ०७४।७५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 86

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७४/०५/२

विषय: विषय-क्षेत्रगत विस्तृत लेखाजोखा **(Cluster Specific Detailed Assessment-CSDA)** गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
विपद् प्रभावित झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, बर्दिया, कैलाली लगायतका जिल्लाहरु ।

उपरोक्त सम्बन्धमा विगतमा विभिन्न संस्था/निकायले विपद्को लेखाजोखा गर्न फरक/फरक विधिहरु प्रयोग गर्दै आएकोमा एक रुपता कायम गर्न तथा विपद् प्रभावित क्षेत्रको मानवीय तथा भौतिक क्षतिको तथ्याङ्क संकलन र विश्लेषणद्वारा प्रतिकार्य तथा शीघ्र पुनर्लाभ आवश्यकताको लेखाजोखा गरी प्रभावकारी मानवीय सहायता प्रदान गर्ने उद्देश्यले विपद् लेखाजोखा मार्गदर्शन, २०७२ जारी गरिएको व्यहोरा अवगतै छ । उक्त मार्गदर्शन अनुसार पहिलो चरण र दोस्रो चरणमा गरिने प्रारम्भिक द्रुत लेखाजोखा वा बहु क्षेत्रगत प्रारम्भिक लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा कुनै विषयगत क्षेत्रमा थप प्रतिकार्य गर्नुपर्ने देखिएमा सो विषय क्षेत्रगतको विस्तृत लेखाजोखा गर्ने व्यवस्था रहेको छ ।

२०७४ साल श्रावण महिनाको अन्तिम हप्तामा आएको अविरल वर्षाका कारण आएको बाढी, डुवान र पहिरोबाट प्रभावित झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, बर्दिया, कैलाली लगायतका जिल्लाहरुका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुबाट विपद् लेखाजोखा मार्गदर्शन, २०७२ को व्यवस्था अनुसार विषय-क्षेत्रगत विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment-CSDA) मा व्यवस्था भएका फारामहरु मध्ये निजी आवास तथा बालीनाली एवं पशु चौपाय क्षतिको विवरण आउने अनुसूची ३.३ र ३.४ बमोजिमका फाराम जिल्ला दैवी प्रकोप उद्धार समितिले (दश) दिन भित्र भरी पठाउनु हुन र उपयुक्त कार्यसम्पादन जिल्ला दैवी प्रकोप उद्धार समितिहरुबाट विज्ञ जनशक्ति माग भई आएमा आवश्यकतानुसार केन्द्रबाट पठाउन सकिने र यसमा लाग्ने खर्च जिल्ला दैवी प्रकोप उद्धार समितिबाट माग भई आएपछि निर्णय गरी पठाउने भनी नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०७४।०५।०२ को निर्णयानुसार कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

२०७४।५।२

(चक्र पाणी पाण्डे)
उप सचिव